apandainik.com

सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १०३ ● पृष्ठः ४ ● १८ वैशाख २०८३ शुक्रबार (01 May 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।


## जनकपुरमा गुठीका हजारौं बिघा जग्गा अतिक्रमण: संरचना हटाउने तयारीविरुद्ध प्रदर्शन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख १७ गते**




जनकपुरधामस्थित गुठी संस्थानको जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउने तयारी भइरहेका बेला गुठी-कुटी भूमिहीन घरजग्गा व्यवस्थापन समितिको अगुवाइमा विरोध प्रदर्शन भएको छ। आफूहरू बसोबास गर्दै आएको जग्गाको लालपुर्जा माग गर्दै सुकुम्बासीहरूले बिहीबार विरोध प्रदर्शन गरेका हुन्।

गुठी संस्थान, जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय अगाडि प्रदर्शन तथा मधेश प्रदेश सरकारको प्रशासनिक भवन अगाडि धर्ना दिँदै उनीहरूले पुनर्स्थापना बिना घर भत्काउन नदिने चेतावनी दिए। प्रदर्शनका क्रममा उनीहरूले देशभर सुकुम्बासीमाथि डोजर चलाएर सरकारले 'आतंक मच्चाएको' आरोप लगाउँदै प्रधानमन्त्री वालेन्द्र शाहको राजीनामा समेत माग गरे।

प्रदर्शनमा सहभागी एक महिलाले भनिन्, 'हामीले बेलाकुटीका महन्थ धनेश्वर बाबालाई ५० हजार रुपैयाँ दिएर ७ धुर जग्गा लियौं, त्यसमा लाखौं रुपैयाँ खर्च गरेर घर बनाएँ, अहिले सरकारले घर भत्काउने चर्चा चलेपछि सबै परिवारजन तनावमा छौं, राति निद्रा पनि लाग्दैनन्।'

अरुको देखासिकी गर्दै सरकारी जग्गामा घर बनाएको स्वीकार्दै उनले भनिन्, 'जनकपुरधामका लालपुर्जावाला जग्गाहरू महँगो थियो। हामीसँग त्यति पैसा थिएन, त्यसैले अरुको देखासिकी गरी बाबासँगै जग्गा लिएर त्यसमा घर बनाएँ।'

त्यो बेलाकुटीका वरिपरि सयौं परिवार गुठीकै जग्गामा घर बनाएर बस्ने गरेका थिए। उनीहरूले बेलाकुटीका महन्थलाई ५० देखि दुई लाख रुपैयाँसम्म बुझाएर पाँच धुरदेखि २-४ कठ्ठासम्म जग्गा उपभोग गर्दै आएका छन्।

बेलाकुटीको जग्गा मात्रै होइन, जानकी मन्दिर, रत्नसागर, दशरथर मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिरसहितका सयौं बिघा जग्गा बिक्री वितरण भइ त्यसमा घरदेखि मल, होटल, अस्पतालसम्म निर्माण गरिएको छ। गुठी संस्थानले यी मठ मन्दिरहरूलाई जमिन, चलअचल सम्पत्ति रेखदेख गर्ने, सोको आम्दानी खर्च दुरुस्त राखी मन्दिर सुव्यवस्थित रूपमा सञ्चालन गर्ने, मन्दिरको कुनै पनि सम्पत्ति बेचबिखन, दान दातव्य मनखपद्वारा कसैलाई पनि दिन नपाउने प्रक्रिया अनुरूप सयौं बिघा जग्गा दिएका थिए। तर, मन्दिरका महन्थले गैरकानुनी रूपमा बेचबिखन गरेका छन्।

मन्दिरको नाममा रहेको जग्गा, पोखरी, घर बहालबाट र भक्तजनको दान र भेटीबाट बर्सेनि करोडौं रुपैयाँको आम्दानी भए पनि महन्थहरूले कहिल्यै

बाँकी पृष्ठ ३ ▸▸

## आज बुद्ध जयन्ती

### सिरहाको राजदेवी पंचावतीमा श्रद्धालुको बलि चढाउन भिड



**अपन दैनिक संवाददाता**

**सिरहा।** आज बुद्ध जयन्ती अर्थात् अहिंसा र शान्तिका अग्रदूत गौतम बुद्धलाई स्मरण गर्ने दिन। तर, सिरहा जिल्लामा एक यस्तो ठाउँ छ, जहाँ बुद्ध जयन्तीकै दिन हजारौं पशुपंक्षीलाई बली दिइन्छ र रगतको खोलो बगाइन्छ।

सिरहाको लहान नगरपालिका-१५ ढोढना स्थित राजदेवी मन्दिरमा बुद्ध जयन्तीकै दिन बली दिइन्छ। लहान बजारदेखि करिब ७ किलोमिटर उत्तरमा राजदेवीको मन्दिर छ। यो मन्दिरमा प्रत्येक वर्ष बुद्ध जयन्तीकै दिन बोका, कुखुरा, हाँस, परेवासहित हजारौं पशुपंक्षीहरुको बली दिएर पूजा गरिन्छ।


बुद्ध जयन्तीका दिन राजदेवी मन्दिरमा भव्य मेला लाग्ने गर्दछ। श्रद्धालुहरुको अत्यधिक चापका कारण यस दिन हिँडडुल गर्नसमेत समस्या हुन्छ।

एकदिन अगाबै देखी मन्दिर परिसरमा भक्तजनको घुइचो लाग्ने गर्छ। विहानैदेखि बली चढाउन सुरु भएको छ। 'हामीले केही दिन पहिले देखि रसिद कटाउन सुरु गरेको मेला समितिले बताए। मेलाको दिन पनि विहानैदेखि रसिद कटाउन र बली प्रदान सुरु भएको छ।' मेलालाई व्यस्थित गर्न ठूलो संख्यामा नेपाल प्रहरी, सशस्त्र प्रहरी, ट्राफिक र स्थानीय स्वयंसेवक परिचालन

बाँकी पृष्ठ ४ ▸▸

## ट्राफिक प्रहरीले चालकको लाइसेन्स, ब्लूबुक र साँचो जफत गर्न नपाउने

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख १७ गते**



सर्वोच्च अदालतले ट्राफिक नियम उल्लंघन गरेको आधारमा मात्रै चालकको लाइसेन्स ब्लुबुक र सवारीको साँचो नियन्त्रणमा लिनु गैरकानुनी हुने ठहर गरेको छ।

न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र श्रीकान्त पौडेलको संयुक्त इजलासले ट्राफिक प्रहरीको यस्तो कार्य 'अधिकार क्षेत्रको दुरुपयोग' भएको भन्दै अबदेखि कागजात नियन्त्रणमा नलिन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो।

नेपाल ल क्याम्पसमा अध्ययनरत कानुनका विद्यार्थी विवेक चौधरीले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले यस्तो ऐतिहासिक फैसला गरेको हो। निवेदक चौधरीले २०८१ साउन ४ गते बबरमहलमा ट्राफिक लाइट उल्लङ्घन गर्दा प्रहरीले जरिवाना गरी उनको लाइसेन्स नियन्त्रणमा लिएको र २४ घण्टापछि मात्र फिर्ता दिएको भन्दै रिट लिएर अदालत पुगेका थिए।

फैसलाको पूर्ण आदेश हेर्न QR कोड स्क्यान गर्नुहोस्

सर्वोच्चको फैसलामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ को व्याख्या गर्दै भनिएको छ- उक्त दफाले ट्राफिक प्रहरीलाई नियम उल्लङ्घन गर्ने चालकलाई तत्काल जरिवाना गर्ने वा जरिवाना तिर्न नसकेमा २४ घण्टाभित्र उपस्थित हुने गरी पुर्जी दिने अधिकार मात्र दिएको छ। ऐनको कुनै पनि प्रावधानले चालकको लाइसेन्स, ब्लुबुक वा साँचो नै कब्जामा लिने अधिकार प्रहरीलाई दिएको छैन।'

कानुनले नदिएको अधिकार प्रयोग गरी नागरिकको निजी कागजात

बाँकी पृष्ठ ४ ▸▸

## मधेशमा देखिएको खानेपानी समस्यामा गम्भीर बन्न सरकारलाई सांसदहरूको अनुरोध

**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख १७ गते**



राष्ट्रियसभाका सदस्यहरूले मधेश प्रदेशमा देखिएको खानेपानी समस्यालाई प्राथमिकतामा राखेर समाधान गर्न सरकारलाई सुझाव दिएका छन्।

बिहीवार बसेको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा उनीहरूले मधेश प्रदेशमा देखिएको खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धी समस्यामा गम्भीर बन्न सरकारलाई सुझाव दिएका हुन्।

मधेश प्रदेशमा खानेपानी, सरसफाइ तथा स्वच्छताको सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदनमाथि छलफलका क्रममा सांसदहरूले सरकारको कार्यसम्पादन, बजेट कार्यान्वयन र दीर्घकालीन योजनाका बारेमा प्रश्न उठाए।

नेपाली कांग्रेसकी सांसद तथा राष्ट्रियसभा संसदीय दलकी नेता कमलादेवी पन्तले मधेशसँगै देशभर स्वच्छ खानेपानीको अभाव रहेको बताइन्। उनले सरकारले ९५ प्रतिशत नागरिकलाई पिउने पानी पुगेको दावी गरे पनि २४ प्रतिशत नागरिकको पहुँचमा मात्रै स्वच्छ खानेपानी पुगेको बताइन्।

बाँकी पृष्ठ २ ▸▸

## देशभरका सीडीओलाई गृहको पत्र- अतिक्रमित संरचना हटाउन सुरक्षा प्रबन्ध मिलाउनू




**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख १७ गते**

सरकारले देशभरका अतिक्रमित जग्गामा बनेका संरचना हटाउन ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा सर्कुलर जारी गरेको छ।

गृह मन्त्रालयले देशभरका प्रमुख जिल्ला अधिकारीहरूलाई पत्र पठाउँदै सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरूमा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी मन्त्रालयमा पठाउन पनि भनेको छ। जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिएको गृह प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए।

यसअघि चैत २० मै गृहले पत्रमार्फत परिपत्र गरिएको थियो।

बुधबार सचिवस्तरीय निर्णय गर्दै

बाँकी पृष्ठ ३ ▸▸




प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# उल्टो बाटोमा मधेश सरकार




२३ र २४ भदौको जेनजी आन्दोलनपछि देशमा सुशासनको कुरा जोडतोडले उठ्यो। जसअनुसार, विगतका बेथिति र भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्ने प्रतिबद्धतासहित बालेन शाह अघि बढेको छ।

मुलुकमा सुशासनको बहस चलिरहेका बेला मधेश सरकार भने विगतकै बेथितिको बाटोमा हिँड्न छोडेको छैन। नेपाली कांग्रेसबाट मधेश प्रदेशको मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादव नेतृत्वको गठबन्धन सरकार अझै उल्टो बाटोमा छ।

मधेश प्रदेश सरकार मातहतका कार्यालयमा कानुनतः काम गर्ने कर्मचारीलाई डाम्ने, कनिष्ठलाई जिम्मेवारी दिएर वरिष्ठलाई थन्क्याउने, आफ्नो स्वार्थअनुकूल काम गर्ने/गराउनेलाई काखी च्याप्ने प्रवृत्ति कायम छ।

मधेश प्रदेशमा ठेक्काभन्दा उपभोक्ता समितिबाट हुने कामलाई प्राथमिकता दिने, प्रत्यक्ष लाभका लागि उपभोक्ता समितिको चिठी वितरण गर्ने काम जारी छ। मधेश सरकार उल्टो बाटोमा हिँडेको पुष्टि गर्न उसका पछिल्ला निर्णय र मातहत निकायका घटनाक्रम उदाहरणका लागि पर्याप्त छन्।

**घटना १:**
गत ९ वैशाखको मन्त्रिपरिषद् बैठकले वरिष्ठ कर्मचारीलाई थन्क्याउने र कनिष्ठलाई जिम्मेवारी दिने निर्णय गरेको छ। संघीय सरकारको प्रशासन सेवातर्फका सहसचिव वीरेन्द्रकुमार मिश्रलाई मधेश प्रदेश जनलोकपाल आयोगमा सरुवा गरिएको छ। पछिल्लो समय उक्त कार्यालय कर्मचारी थन्क्याउने स्थल बनेको छ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले चार वर्षअघि स्थापना भएको उक्त आयोगमा पदाधिकारी तथा कर्मचारी बसेर सेवा-सुविधा तथा तलब खाने बाहेक उपलब्धि लायक केही काम गरेको छैन। त्यस कार्यालयमा सचिवका रूपमा मिश्रलाई थन्क्याइएको छ। तर लोकसेवा आयोगको निमित्त सचिवको जिम्मेवारी आयोगमै रहेका कनिष्ठ उपसचिव (दशौं) चिरञ्जीवी गौतमलाई दिने निर्णय गरिएको छ।

लोकसेवा आयोगका अध्यक्षअनुकूल हुने काम नगरेपछि मिश्रलाई त्यहाँबाट जनलोकपाल आयोगमा सरुवा गरिएको मुख्यमन्त्री कार्यालयका एक कर्मचारी बताउँछन्।

**घटना २:**
श्रम तथा यातायात मन्त्रालयका सचिव युवराज अधिकारीलाई मुख्यमन्त्री कार्यालयमा तानिएको छ। संघीय सरकारका सहसचिव अधिकारीलाई मुख्यमन्त्री कार्यालयमा अतिरिक्त रूपमा राखिएको छ। उनको स्थानमा श्रम तथा यातायात मन्त्रालयमा निमित्त सचिवको जिम्मेवारी रञ्जित यादव (एघारौं)लाई दिने निर्णय क्याबिनेटले गरेको छ।

उपसचिव यादव समाज कल्याण तथा खेलकुद मन्त्रालयका निमित्त सचिव थिए। समाज कल्याण मन्त्रालयको निमित्त सचिवमा उद्योग विभाग वीरगञ्जका प्रमुख ११औं तहका कर्मचारी सुशील साहलाई जिम्मेवारी दिइएको छ।

**घटना ३:**
पूर्वाधार विकास कार्यालय सप्तरीका कार्यालय प्रमुख सीडीई (नवौं) कृष्णदेव झाको वैशाख दोस्रो साता काज सरुवा भयो। मधेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले झालाई पूर्वाधार विकास निर्देशनालयमा सरुवा गरेको छ। तर मन्त्रालयले उनको स्थानमा पूर्वाधार कार्यालयमा निमित्त प्रमुखको जिम्मेवारी त्यहींका आठौं तहका इन्जिनियर राहुल झालाई दिएको छ।

मन्त्रालयका निमित्त सचिव सञ्जयकुमार साह त्यहाँ विकासको कामले गति नलिएको, काम अघि नबढेको भन्दै गुनासो र अख्तियारबाट पत्रसमेत आएपछि काज सरुवा गरिएको तर्क गर्छन्।

'कार्यालय प्रमुखले काम गरेनन्, विकासको काम अलपत्र पर्‍यो भनेर अख्तियारबाट पत्र र स्थानीयको गुनासो आएको थियो। त्यस विषयमा मन्त्री र सांसदहरूसँग छलफल गरेर सीडीई झाको काज सरुवा गरिएको हो,' उनले भने।

**घटना ४:**
पूर्वाधार विकास कार्यालय महोत्तरीले कानुनी प्रक्रियाअनुसार २५ लाख रुपैयाँसम्मका योजनाको काम अगाडि बढाउन २२ चैतमा १५ पालिकाका सबै वडा कार्यालयमा २५८ वटा उपभोक्ता समिति गठनको पत्र पठायो। पारदर्शिता कायम गर्न कार्यालयले ती सबै चिठी आफ्नो वेबसाइटमै राखेर सार्वजनिक गरेको थियो।

विगतमा मधेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेका पूर्वाधार कार्यालयहरूबाट मन्त्री, सांसद, तिनका नेता-कार्यकर्ता तथा बिचौलियाले उपभोक्ता समितिको चिठी मनपरी ढंगले आफैं बुझ्ने प्रवृत्ति थियो।

त्यसलाई नियन्त्रण गर्न कार्यालय प्रमुख सीडीई कार्तिकेश झाले चिठी सिधै वडामा पठाउने र कार्यालयको वेबसाइटमा पारदर्शी गर्ने नीति लिएर कदम चालेका थिए। यो कदमले मधेश सरकारसँगै मातहतका निकायमा दबाब पुग्ने विश्वास लिइएको थियो।

यसकारण झाले धेरै सांसद, आसेपासे कार्यकर्ताको धम्कीसमेत

**बाँकी पृष्ठ ३ ▶▶**

## सम्पादकीय...

# आँप जोनमा मौसमको असर

मधेशको अर्थतन्त्र र किसानको जीवनयापनसँग प्रत्यक्ष रुपमा आँप खेती जोडिएको छ। माघ-फागुनमा राम्रोसँग फूल लागेको आँपको यस वर्ष उत्पादन बढ्ने आशा किसानमा जगाएको थियो। तर, समयमै वर्षा नहुनु र वैशाखको सुरुवातमै आएको तीव्र हावाहुरी तथा असिनाले त्यो आशामाथि पानी फेरिदिएको छ। मौसममा आएको असामान्य फेरबदलले आँपका फूल झर्ने, बाँकी रहेका फूल र साना फल नष्ट हुने अवस्था सिर्जना गरेको छ, जसले उत्पादन घट्ने स्पष्ट संकेत दिएको छ। मधेश प्रदेशका सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही र रौतहटजस्ता जिल्लाहरू आँप उत्पादनका मुख्य केन्द्र हुन्। यहाँका किसानहरूको आम्दानीको महत्वपूर्ण हिस्सा आँप खेतीबाट आउने भएकाले उत्पादनमा कमी आउँदा उनीहरूको आर्थिक अवस्था नै प्रभावित हुने निश्चित छ।

विशेषगरी सिरहामा सञ्चालनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गतको आँप जोनले अपेक्षित उपलब्धि दिन नसक्नु चिन्ताको विषय बनेको छ। यस्ता कार्यक्रमहरू कागजमै सीमित हुने हो भने किसानहरूले राहत पाउने आशा गर्न सक्दैनन्। मौसम परिवर्तन अब अस्थायी समस्या होइन, दीर्घकालीन चुनौतीका रूपमा देखिएको छ। त्यसैले यसको सामना गर्न दीर्घकालीन रणनीति आवश्यक छ। सिंचाइको सुनिश्चितता, हावाहुरी र असिनाबाट जोगाउने प्रविधिको विकास र मौसमअनुकूल व्यवस्थापनतर्फ सरकार र सम्बन्धित निकायले ध्यान दिनुपर्छ। साथै, किसानहरूलाई समयमै मौसमसम्बन्धी सूचना र प्राविधिक सहयोग उपलब्ध गराउनु पनि उत्तिकै महत्वपूर्ण छ।

यसका साथै, कृषि बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी किसानहरूलाई क्षतिपूर्तिको व्यवस्था गरिनु आवश्यक छ। अहिलेको अवस्थामा किसानहरू प्राकृतिक विपत्तिको जोखिम एक्लै वहन गर्न बाध्य छन्। जुन न्यायोचित होइन। राज्यले किसानको सुरक्षालाई प्राथमिकतामा राख्न सकेन भने कृषि क्षेत्रमा निराशा बढ्नेछ र उत्पादनमा दीर्घकालीन असर पर्नेछ। मधेशको आँप खेतीलाई जोगाउन सरकार, स्थानीय तह र किसानबीच समन्वय र प्रतिबद्धता अपरिहार्य छ। अन्यथा, मौसमको अनिश्चितताले मधेशको हरियाली मात्र होइन, किसानहरूको भविष्यसमेत ओझेलमा पार्नेछ। यस कार्यमा किसानका हकहितमा सक्रिय रहेका संघसंस्थाले पनि विशेष रुपमा ध्यान दिई आम्दानीको स्रोतहरुको पहिचान र त्यसको संरक्षण गर्नुपर्छ।

## मधेशमा देखिएको खानेपानी समस्यामा ............

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद भुवनबहादुर सुनारले खानीपानी क्षेत्रका बजेट बढाउनुपर्ने बताए।

उनले मधेशमा खानेपानीको समस्या ठूलो रहेको बताए। भूमिगत पानी पनि पिउन योग्य छ कि छैन ? भन्ने परीक्षण गर्नुपर्ने उनको भनाइ छ।

नेकपा एमालेकी सांसद सम्झना देवकोटाले मधेश मात्र नभइ पहाडी क्षेत्रमा समेत खानेपानीको अभाव रहेको उल्लेख गरिन्। उनले खानेपानीसँगै सिंचाइको समस्या पनि उत्तिकै रहेको बताइन्।

नेपाली कम्युनिष्ट पार्टीका सांसद घनश्याम रिजालले सरकारले मधेशमा देखिएको गतवर्षको खडेरी बिर्सेको हो ? भन्दै प्रश्न गरे। उनले समस्या समाधानका लागि सरकारले तत्कालीन र दीर्घकालीन दुवै योजना अघि नसारेको बताए।

लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका सांसद महन्थ ठाकुरले मधेशमा खानेपानीको समस्यालाई समाधान गर्न राज्यले कहिल्यै चासो नदेखाएको बताए।

नेकपाकी सांसद सावित्री मल्लले मधेशलाई प्राथमिकतामा राखेर बजेट निर्माण गर्नुपर्नेमा जोड दिइन्। उनकाअनुसार मधेशका आठ जिल्लामा करिब १२ लाख नागरिक अझै जोखिममा रहेका छन्। आगामी नीति, कार्यक्रम र बजेटमा यस क्षेत्रलाई उच्च प्राथमिकता दिनुपर्ने उनको भनाइ छ। उनले विद्यालयहरूमा समेत पिउने पानीको अभाव रहेको उल्लेख गरिन्।

समिति सभापति कृष्णप्रसाद पौडेलले मधेशमा शिक्षा, स्वास्थ्य र खानेपानी क्षेत्रमा मौलिक अधिकारसमेत सुनिश्चित हुन नसकेको बताए। उनले सरकारलाई मधेशमा देखिएका समस्यामा गम्भिर बन्न निर्देशन दिए।

बैठकमा खानेपानी मन्त्रालयका सहसचिव रमाकान्त ढुवाडीले सरकारले मधेशमा देखिएका खानेपानी समस्या समाधानको लागि अध्ययन गरिरहेको जानकारी गराए।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क ०३३-५२१२१४**

## आजको राशिफल

**मेष** : पहिलेको मेहनतबाट लाभ मिल्नेछ। व्यवसाय विस्तार र नयाँ लगानीका सम्भावना देखिन्छन्।

**बृष** : संकटमा पनि हिम्मतिलो प्रयास सफल हुनेछ। गुरुजनको सहयोग र बुद्धिको प्रयोगले फाइदा हुनेछ।

**मिथुन** : पढाइमा ध्यान केन्द्रित गर्न गाह्रो पर्नेछ। स्वास्थ्यमा चिसोको असर देखिन सक्छ।

**कर्कट** : इच्छाशक्ति बढ्नेछ र प्रयासले सफलता दिनेछ। सामाजिक सम्मान प्राप्त हुनेछ।

**सिंह** : अवसरका खोजीमा दौडधुप बढ्नेछ। आर्थिक दबाब बढ्न सक्छ।

**कन्या** : रोकिएका कार्य अघि बढ्नेछन्। आम्दानी र प्रतिष्ठा दुवैमा वृद्धि हुनेछ।

**तुला** : स्वास्थ्य र खर्चमा असहजता देखिन सक्छ। अनावश्यक जिम्मेवारी बढ्न सक्छ।

**वृश्चिक** : रोकिएका कार्य सम्पन्न हुनेछन्। साथीभाइको सहयोगले लक्ष्यमा पुग्न सहज हुनेछ।

**धनु** : व्यवसाय र कामधन्दामा सफलता प्राप्त हुनेछ। अप्रत्याशित उपलब्धि मिल्न सक्छ।

**मकर** : नयाँ ज्ञान र यात्राबाट फाइदा हुने संकेत छन्। आम्दानी बढ्नेछ।

**कुम्भ** : स्वास्थ्यमा समस्या र खर्च बढ्न सक्छ। प्रतिस्पर्धात्मक स्थितिमा सतर्क रहनुपर्छ।

**मीन** : साझेदार वा जीवनसाथीको सहयोग प्राप्त हुनेछ। आम्दानी बढ्नेछ र नयाँ प्रस्तावहरू आउनेछन्।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## औषधि प्रयोग गर्दा ध्यान दिऔं

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं।
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं।
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं।
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं।
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं।

**अर्नमा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, अर्नमा**
मधेश प्रदेश, सिरहा (नेपाल)

## बालअधिकार सुनिश्चित गरौं

**बालअधिकार:**
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले,**
- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

**"आजका बालबालिका. भोलिका कर्णधार"**

**सखुवानन्कारकट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, सखुवानन्कारकट्टी**
मधेश प्रदेश, सिरहा (नेपाल)

# सरुवाको पत्र नबुझी पूर्वाधार कार्यालय बाराका प्रमुख सम्पर्कविहीन

**अपन दैनिक संवाददाता**
**बारा, वैशाख १७ गते**

पूर्वाधार विकास कार्यालय कलैयाका प्रमुख राजेन्द्र साह सरुवाको पत्र नबुझी सम्पर्कविहीन भएका छन् । उनी ४ महिनाअघि नै संघीय भौतिक पूर्वाधार तथा विकास मन्त्रालयमा सरुवा भएका हुन् ।

सरुवा भए पनि 'रमाना पत्र' नबुझी उनी सम्पर्कविहीन भएपछि पूर्वाधार विकास कार्यालयको सम्पूर्ण आर्थिक तथा प्रशासनिक काम अलपत्र भएको छ। साह संघ मातहतका कर्मचारी हुन् भने पूर्वाधार विकास कार्यालय प्रदेश मातहतको निकाय हो।

साहले सम्बन्धित कार्यालय, तालुक मन्त्रालय तथा स्थानीय प्रशासन प्रमुखलाई समेत कुनै जानकारी नगराई सम्पर्कविहीन भएको पूर्वाधार कार्यालयकी सूचना अधिकारी आरती चौधरीले जनाइन्।

कार्यालय प्रमुख साह कहाँ, कुन प्रयोजनको कामका लागि गएको भन्ने विषयमा कार्यालयमा कसैलाई जानकारी नभएको चौधरीको भनाइ छ । साहले प्रयोग गर्दै आएको कार्यालयको मोबाइल नम्बरसमेत लामो समयदेखि बन्द छ।

'कार्यालय प्रमुखले सरुवाको रमाना पत्र नबुझी सम्पर्कविहीन हुँदा सम्पूर्ण आर्थिक तथा प्रशासनिक काममा अवरोध भएको छ,' इन्जिनियर चौधरीले भनिन्, 'नयाँ कार्यालय प्रमुख कहिले आउनुहुन्छ भन्ने पनि टुङ्गो छैन। हामी अन्योलमा छौं।'




**चालु आर्थिक वर्षको १ अर्ब ३८ करोडका योजना अलपत्र**

पूर्वाधार विकास कार्यालयमा प्रमुख नहुँदा चालु आर्थिक वर्षको प्रदेश सरकारको १ अर्ब ३८ करोड ९ लाख ९८ हजार लागतका ३७८ वटा योजना अलपत्र भएका छन्।

जिल्लाको १६ वटा पालिकाका १० लाखसम्मका १६ वटा योजना छन् भने १० देखि २५ लाखसम्मका २४४ वटा, २५ देखि ५० लाखसम्मका ८६ वटा र ५० लाख माथिका ३२ वटा योजना छन्।

पूर्वाधार विकास कार्यालयले २५ लाख मुनिका योजना उपभोक्ता समिति मार्फत र २५ लाखदेखि ५० लाखसम्मका योजना ३० दिने सार्वजनिक सूचना (टेन्डर) गरेर ठेकदारमार्फत कार्यान्वयन गर्दछ।

इन्जिनियर चौधरीले ५० लाखमाथिका ३२ वटा बहुवर्षीय योजनाको हकमा भने भुक्तानीमा समस्या भए पनि काम नरोकिएको बताइन्।

वैशाख दोस्रो साता बितिसक्दा हालसम्म कुनै पनि उपभोक्ता समिति गठन नभएको र टेन्डरको सार्वजनिक सूचनासमेत जारी नभएकाले यस वर्ष कुनै पनि योजना कार्यान्वयन गर्न नसकिने पूर्वाधार विकास कार्यालयले जनाएको छ।

प्रदेश भौतिक पूर्वाधार मन्त्रालयको कमजोरी र लापरवाहीका कारण यो वर्ष जिल्लामा आएका विकास निर्माणका सम्पूर्ण काम प्रभावित भएको छ।

**विवादित व्यक्तिलाई कार्यालय प्रमुखको जिम्मेवारी**

यसअघि कारवाहीमा परेका पूर्वाधार कार्यालयका प्रमुख साहलाई प्रदेश भौतिक पूर्वाधार मन्त्रालयले राजनीतिक पहुँचका आधारमा पुन: जिम्मेवारी दिएको थियो । गत वर्ष मदन भण्डारी आवास निर्माण र निधि निवास कार्यक्रमका नाममा १४ करोड हिनामिना गरेको आरोपमा साहविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो।

पछि अदालतबाट सफाई पाएलगत्तै साह पुन पुरानै कार्यालयमा फर्किएका हुन्। जिल्ला प्रशासन कार्यालय स्रोतका अनुसार साह राजनीतिक पहुँच र पैसाको बलमा पुन: पुरानै कार्यालय फर्किएको जनाइएको छ।

साहले अख्तियारबाट निलम्बनमा परेपछि पनि उपभोक्ता समिति अध्यक्ष र साहको संयुक्त नाममा खाता सञ्चालन भएको भेटिएको थियो । साहले महागढीमाई नगरपालिका-१०, गञ्जभवानीपुरमा रहेको राष्ट्रिय वाणिज्य बैंकको शाखामा ६ वटा, वीरगञ्ज शाखामा ६ वटा र निजगढमा २ वटा खाता सञ्चालन गरेको भेटिएको छ । बैंकका ती शाखाबाट मात्रै १४ करोडभन्दा धेरै रकमको आर्थिक कारोबार भेटिएको थियो।

जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले पूर्वाधार विकास कार्यालयमा भएको बेथिति तालुक मन्त्रालयका मन्त्री र सचिवले नियन्त्रण गर्नुपर्ने बताए।

उनले भने, 'यो प्रदेशस्तरीय कार्यालय भएकाले प्रदेश मन्त्रालयका मन्त्री, सचिवले नै यसलाई नियन्त्रण गर्नुपर्ने हुन्छ,' प्रजिअ मिश्रले भने, 'प्रदेशस्तरको कार्यालय प्रमुखलाई प्रमुख जिल्ला अधिकारीले कारवाही गर्नसक्ने स्पष्ट कानुनी व्यवस्था नभएकाले भोलि अवज्ञा गर्दा के हुने भन्ने समस्या हुनसक्छ।'

पूर्वाधार विकास कार्यालय प्रमुख साह लामो समयदेखि सम्पर्कविहीन भएको, कार्यालयमा उपस्थित नभएको विषयमा स्थानीय प्रशासनलाई कुनै

बाँकी पृष्ठ ४ ▸▸

## उल्टो बाटोमा मधेश ..............

खेपे। तर कानुनी प्रक्रियामा टसमस भएनन्। तर उनको यो राम्रो कदमको मधेश सरकारले सहयोग त गरेन, उल्टै कारबाहीस्वरूप तीन दिनपछि चैत २५ गते उनको सरुवा गरियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सीडीई झालाई प्रादेशिक तथा स्थानीय तह सुधार आयोजना, प्रादेशिक योजना कार्यान्वयन इकाइ, जनकपुरमा सरुवा गरेको थियो । पारदर्शी तरिकाले उपभोक्ता समितिको चिठी वितरण गर्दा सीडीई झा तानिए। उनी वैशाख ४ गते रमाना बुझेर ७ गते सरुवा भएको ठाउँमा हाजिर भइसकेका छन्।

**घटना ५:**
उपभोक्ता समितिको चिठी अनियमित बिक्री-वितरणविरुद्ध अडान लिएका पूर्वाधार कार्यालय महोत्तरीका सीडीई झा सरुवापछि रमाना लिएर हाजिर भइसकेका छन्। तर मुख्यमन्त्री, मन्त्री र सांसदको स्वार्थअनुसार चिठी वितरण गर्ने पूर्वाधार कार्यालय रौतहटका प्रमुख र बाराका निमित्त प्रमुखले भने सरुवा भएको महिनौंसम्म रमाना बुझेका छैनन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले माघ २ गते बारामा कार्यरत निमित्त प्रमुख (राजपत्रांकित तृतीय श्रेणी) इन्जिनियर राजेन्द्र साह र माघ ४ गते पूर्वाधार विकास कार्यालय रौतहटमा प्रमुखका रूपमा कार्यरत सिनियर डिभिजनल इन्जिनियर (राजपत्रांकित द्वितीय श्रेणी) दीपककुमार मिश्रको सरुवा गऱ्यो। दुवै जनालाई शहरी विकास मन्त्रालयअन्तर्गत सरुवा गरियो। तर दुवैले बुधबारसम्म रमाना बुझेका छैनन्।

बाराका निमित्त प्रमुख साह वर्षौंदेखि त्यहाँ छन्। उनी भ्रष्टाचार मुद्दामा परेका र विवादित पृष्ठभूमिका कर्मचारी हुन् । तर सरकार वर्षेनी वरिष्ठ कर्मचारीलाई पाखा लगाएर साहलाई निमित्त प्रमुखको जिम्मेवारीमा राखेर काखी च्यापेका छन्।

उनी संघका कर्मचारी हुन् । जबकि, प्रदेश निजामती ऐन २०७७ मा कार्यालय प्रमुखमा सरुवा पदस्थापन गर्दा प्रदेश निजामती सेवाका कर्मचारीलाई प्राथमिकता दिने उल्लेख छ।

मन्त्रालय स्रोतका अनुसार सरुवा भइसकेका दुवै कर्मचारीलाई मधेश सरकारले चालु आर्थिक वर्षको असार मसान्तसम्म राख्ने नीति लिएको थियो । तर यो खबर सार्वजनिक गरेपछि रमाना बुझ्न भौतिक पूर्वाधार मन्त्रालयले दबाब दिएको छ।

'दुवैजनालाई रमाना बुझ्न ताकेता भएको छ। आज वा भोलिसम्म रमाना बुझ्नु हुन्छ,' मन्त्रालयका निमित सचिव साहले भने।

पछिल्ला यी घटनाक्रमले मधेश सरकार विगतका बेतिथि तथा भ्रष्टाचार नियन्त्रण गर्नेभन्दा निरन्तरता दिने बाटोमा रहेको देखिन्छ। मुख्यमन्त्री कार्यालयका एक कर्मचारी सरकार सच्चिनेभन्दा बाँकी समयलाई आफ्नो स्वार्थमा प्रयोग गर्ने अन्तिम अवसरको रूपमा प्रयोग गरिरहेको बताउँछन्।

'संघ सरकार सुशासनको बाटोमा छ। तर मधेश सरकार उल्टो बाटोमा। नभए यस्ता निर्णयहरू किन गर्थे र ?,' ती कर्मचारी प्रश्न गर्छन्।

## देशभरका सीडीओलाई गृहको पत्र- अतिक्रमित ..............

अतिक्रमण हटाउने कार्यका लागि सुरक्षा प्रबन्ध लगायतका आवश्यक सहजीकरण गर्न अनुरोध गरिएको छ।

सरकारले अतिक्रमित संरचना हटाउने कार्यले तिव्रता दिइरहेको छ । शुक्रबारबाट काठमाडौंका सबै नदी किनारमा बनेका अतिक्रमित संरचना हटाइँदैछ।

बिहीबार काठमाडौंका ती क्षेत्रमा माइकिङ भइरहेको छ।

## जनकपुरमा गुठीका हजारौं बिघा जग्गा अतिक्रमण ..............

सार्वजनिक गर्दैनन्। जनकपुरधाममा गुठीको करिब १० हजार बिघा सार्वजनिक जग्गा अतिक्रमण र अनियमित बिक्रीमार्फत निजीकरण भएको पाइएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित समितिको प्रतिवेदनअनुसार २५ गुठीका ९ हजार ८ सय ४६ बिघा १२ कट्ठा जग्गा अतिक्रमणमा परेको उल्लेख छ। त्यसमध्ये जनकपुर गुठीका १० बिघाभन्दा बढी जग्गा अतिक्रमणमा परेका छन्।

२०६२ सालमा तत्कालीन सरकारले भोजराज घिमिरेको संयोजकत्वमा गठन गरेको उच्चस्तरीय कार्यदलले तयार पारेको प्रतिवेदनअनुसार जनकपुरनगर भित्र मात्रै ४९ वटा सार्वजनिक पोखरीमध्ये पाँच वटा हराइसकेका छन् । २०४८ सालमा जनकपुर नगरपालिकाद्वारा तयार पारिएको जनकपुर टाउन प्रोफाइलमा जनकपुरमा ५८ वटा धार्मिक पोखरीसहित ४० हेक्टरमा जम्मा ८२ वटा पोखरी थिए । जसमध्ये ३२.८ प्रतिशतले आफ्नो अस्तित्व गुमाइसकेका छन्। ती पोखरीलाई पुरेर त्यहाँ भवन ठडाउँदै बसोबास स्थल बनाइएको छ। जनक सरोवर, अमृतकुण्ड, गोपाल सर, पयश्विनी सर र बलदेव सरजस्ता पोखरीहरू पुरेर बस्ती तथा होटल, अस्पताल तथा कलेजहरूको संरचना निर्माण गरिएको छ।

त्यस्तै, जानकी मन्दिरको नाममा रहेको ३२ बिघा जग्गासमेत अनधिकृत रूपमा बिक्री वितरण भएको छ । उक्त प्रतिवेदन अनुसार मन्दिरका महन्थहरूले मनखप प्रणालीको दुरुपयोग गर्दै सस्तो मूल्यमा जग्गा बिक्री गरेका छन् भने मन्दिरको आम्दानी र सम्पत्तिको स्पष्ट अभिलेखसमेत सार्वजनिक नभएको उल्लेख गरिएको छ।

सरकारले सार्वजनिक गरेको १०० बुँदे कार्यसूचीमा गुठी जग्गा संरक्षण र अतिक्रमण नियन्त्रणलाई प्राथमिकतामा राखिएको छ । कार्यसूचीअनुसार सार्वजनिक जग्गाको डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने अभियान सञ्चालन गरिने उल्लेख छ।

जनकपुरधाममा गुठी जग्गा विवाद चर्किंदै जाँदा एकातिर ऐतिहासिक सम्पदा संरक्षणको चुनौती देखिएको छ भने अर्कोतर्फ वर्षौंदेखि गुठीको जग्गामा बसोबास गर्दै आएकाहरूको व्यवस्थापनमा चुनौती देखिएको छ। पारदर्शी नीति, ठोस तथ्यांक र राजनीतिक इच्छाशक्तिले मात्र यो समस्याको समाधान सम्भव हुने उल्लेख गर्दै जनकपुरधामका पूर्व उपमेयर असगर अलीले विगतका प्रतिवेदन कार्यान्वयन गर्दै सन्तुलित र न्यायोचित नीति अपनाउन सके मात्र गुठीको जग्गाको दिगो व्यवस्थापन हुने बताए।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**
- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ ।
- दिमागमा असर पर्नसक्छ ।
- समयमा नसुत्न सक्छन् ।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन् ।
- एकान्तमा बस्न मन पराउन सक्छन् ।
- झिज्याहट हुन सक्छ ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन् ।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन् ।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

**स्वच्छ शहर: स्वस्थ्य शहर**
- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं ।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं ।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं ।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं ।
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं ।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं ।
- ध्वनि र वायु प्रदूषण कम गरौं ।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं ।
- सडकमा निर्माण सामग्री नराखौं ।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं ।**

**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर**
मधेश प्रदेश, सिरहा (नेपाल)

# जनकपुरधामका सडकमा फुटपाथ खाली गराउनासाथ अतिक्रमण सुरु, फेरि व्यापारिक थलो बन्दै

अपन दैनिक संवाददाता
जनकपुरधाम, वैशाख १७ गते

केही साताअघि जनकपुरधाम उपमहानगरपालिकाले बजार क्षेत्रका फुटपाथ तथा सडक अतिक्रमण हटाउन व्यापक अभियान चलायो। नगर प्रहरी परिचालन गरेर सडक किनारमा राखिएका ठेला, तरकारी पसल हटाइए, मुख्य बजार क्षेत्रलाई व्यवस्थित बनाउने प्रयास गरियो।

सो अभियानपछि केही दिन बजार क्षेत्र खुला र व्यवस्थित देखियो, तर अहिले फेरि जनकपुरधामका मुख्य बजार क्षेत्रहरूमा पुरानै दृश्य दोहोरिन थालेको छ।

रामानन्द चोक, रामचोक, जानकीचोक लगायतका व्यस्त बजार क्षेत्रमा फेरि सडक पेटीमा तरकारी बेच्ने, ठेला राख्ने र बाटोमै पसल थाप्नेहरूको संख्या बढ्दै गएको स्थानीयको गुनासो छ। यसले सवारी आवागमनमा समस्या त निम्त्याएको छ नै, पैदल यात्रीलाई समेत जोखिमपूर्ण अवस्था सिर्जना गरेको छ।

स्थानीयवासीको भनाइमा नगरपालिकाको अभियान क्षणिक देखावटीजस्तै भएको छ। केही दिन कडाइ हुने, फेरि पुरानै अवस्थामा फर्कने प्रवृत्तिले समस्या झन् जटिल बनिरहेको उनीहरूको गुनासो छ।



जनकपुरधाम-७ का स्थानीय रवि ठाकुरले भने, 'नगरपालिकाले कहिलेकाहीँ नगर प्रहरी परिचालन गरेर हटाउँछ, व्यापारी भाग्छन्, तर केही घण्टा वा अर्को दिन फेरि त्यही ठाउँमा पसल थापिन्छ। अहिले फेरि बजारका सडक पेटीमा फुटपाथ व्यापारीको संख्या बढेको छ।'

सम्बन्धित निकाय र सुरक्षा निकायको अगाडि नै फुटपाथमा फेरि व्यापार-व्यवसाय सञ्चालन हुन थालेको ठाकुरले बताए। जनकपुर-१२ का वीर झा पनि सडक पेटी र फुटपाथ फेरि व्यापारिक स्थलमा परिणत भएको जिकिर गर्छन्।

जनकपुरधामको मुख्य बजार क्षेत्रमा दैनिक हजारौँ मानिसको आवतजावत हुन्छ। धार्मिक नगरीका रूपमा परिचित जनकपुरधाममा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल पनि उत्तिकै हुन्छ। यस्तो अवस्थामा बजार क्षेत्रको अव्यवस्थित व्यापारले सहरको सौन्दर्य र व्यवस्थापनमा प्रत्यक्ष असर पुर्‍याइरहेको देखिन्छ।

विशेषगरी बिहान र साँझको समयमा सडक किनारमा तरकारी, फलफूल, कपडा र अन्य सामग्री बेच्ने ठेलावालाको भिड लाग्ने गरेको छ। कतिपयले स्थायी पसलकै शैलीमा बाटो अतिक्रमण गरेर व्यापार गरिरहेका छन्। यसले सडक साँघुरो बनाउनुका साथै ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको छ।

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले अटेरी गर्नेहरूलाई कारबाही गरिने बताए। उनले भने, 'अटेरी गरेर सडक अतिक्रमण गर्नेहरूलाई हामी कारबाही गर्छौं, तर मन्त्रीले मात्रै गरेर हुँदैन। स्थानीय सरकार, सुरक्षा निकाय र स्थानीय नागरिक सबैको सहयोग आवश्यक हुन्छ। यो साझा जिम्मेवारी हो।'

फुटपाथ अतिक्रमण हटाउन स्थानीय तह, प्रहरी प्रशासन र नागरिकबिच समन्वयको अभाव देखिन्छ। यद्यपि जनकपुरधाम उपमहानगरपालिकाका प्रवक्ता परमेश झाले नगर प्रहरी नियमित अनुगमनमा खटिरहेको दाबी गरे।

उनका अनुसार हाम्रा नगर प्रहरी नियमित चेकजाँचमा खटिरहेका हुन्छन्। उनले भने, 'हामी कडाइका साथ फुटपाथ नियन्त्रण गर्न लागिरहेका छौँ, तर स्थानीय पनि सचेत हुनुपर्छ। नियम पालना गर्ने संस्कार विकास गर्न आवश्यक छ।'

स्थानीय व्यापारीहरू भने आफ्नो रोजीरोटीको बाध्यता देखाउँछन्। उनीहरूका अनुसार स्थायी पसल भाडामा लिन सक्ने आर्थिक अवस्था नभएकाले सडक पेटीमा व्यापार गर्नु परेको हो।

सहर व्यवस्थापनका जानकारहरू रोजीरोटीको नाममा सार्वजनिक सडक अतिक्रमण गर्न नमिल्ने बताउँछन्। स्थानीय सरकारले वैकल्पिक व्यवस्थापन गर्नुपर्ने उनीहरूको भनाइ छ।

यता जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले आफ्नो दायित्वअनुसार ट्राफिक प्रहरीले काम गरिरहेको प्रस्ट पारे। उनले भने, 'हाम्रो मुख्य जिम्मेवारी ट्राफिक व्यवस्थापन हो। फुटपाथ अतिक्रमणविरुद्ध कानुनी कारबाही गर्ने कुरा स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्छ, तर जहाँ ट्राफिक व्यवस्थापनमा समस्या देखिन्छ, त्यहाँ हामी पनि कडाइका साथ अगाडि बढ्छौं।'

समाजसेवी अनिल दासले रामानन्द चोक, रामचोक, जानकीचोक जस्ता क्षेत्रमा अहिले पनि खुलेआम सडकमा ठेला राखिएको जिकिर गर्दै यसमा स्थानीय तह, प्रशासनको मिलेमतो जस्तो देखिने बताए।

जनकपुरधाममा फुटपाथ अतिक्रमण नयाँ समस्या होइन। वर्षौंदेखि बजार व्यवस्थापनको नाममा पटक-पटक अभियान चलाइँदै आएको छ, तर अभियान सकिएपछि फेरि पुरानै अवस्था फर्कने गरेको छ।

स्थानीयवासीका अनुसार समस्या समाधानका लागि 'हटाऊ अभियान' मात्र पर्याप्त छैन, दीर्घकालीन योजना आवश्यक छ।

सरोकारवालाहरू फुटपाथ व्यापारलाई व्यवस्थित गर्न छुट्टै स्थान निर्धारण गर्न सकिन्छ। व्यवस्थित हाटबजार वा खुला व्यापारिक क्षेत्र बनाएर साना व्यापारीलाई स्थान दिन सकिने उनीहरूको भनाइ छ।

अहिले जनकपुरधामको मुख्य समस्या केवल सडक अतिक्रमण मात्रै होइन, त्यससँग जोडिएको ट्राफिक जाम, दुर्घटनाको जोखिम, पैदल यात्रीको असुविधा र सहरको बिग्रँदो अनुशासन पनि हो।

विशेषगरी विद्यालय समय, कार्यालय समय र धार्मिक कार्यक्रमका बेला सडक किनारको अव्यवस्थित व्यापारले भिड व्यवस्थापन झन् कठिन बनाइरहेको छ।

स्थानीय व्यवसायीहरू पनि यसबाट प्रभावित छन्। स्थायी पसल सञ्चालन गर्ने व्यापारीहरू सडक पेटीमा सस्तोमा व्यापार गर्नेहरूले प्रतिस्पर्धा असमान बनाएको गुनासो गर्छन्।

स्थानीय पसले रूपनारायण राउतले भने, 'हामी कर तिर्छौं, पसल भाडा तिर्छौं, नियम पालना गर्छौं, तर सडकमा बसेर व्यापार गर्नेहरूलाई नियन्त्रण नगरिँदा हामी मारमा परेका छौं।'

जनकपुरधाम धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण सहर हो। प्रदेशको राजधानीसमेत रहेको सहरको मुख्य बजार क्षेत्र अव्यवस्थित हुँदा यसको छवि पनि प्रभावित हुन्छ।

## सरुवाको पत्र नबुझी पूर्वाधार कार्यालय बाराका ............

जानकारी नभएको उनले बताए।

**भोलिदेखि नयाँ कार्यालय प्रमुख आउनुहुन्छ : प्रदेश सचिव**

मधेश प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका निमित्त सचिव सञ्जय साहले पूर्वाधार विकास कार्यालय कलैयाको प्रमुखमा नयाँ व्यक्तिलाई जिम्मेवारी दिएर पठाइने बताए।

उनले राजेन्द्र साह बिनाजानकारी सम्पर्कविहीन भएको र ४ महिनाअघि नै उनको सरुवा भइसकेकाले मन्त्रालयले सो कार्यालयमा भोलि नै नयाँ प्रमुख पठाउन लागेको बताए।

'नयाँ कार्यालय प्रमुख गएपछि पुराना प्रमुख सरुवा भएको ठाउँमा रमाना लिएर जानुहुन्छ,' उनले भने, 'बिचमा कर्मचारीका करण समस्या थियो। अब नयाँ प्रमुख गएपछि सबै समाधान हुन्छ।'

निमित्त सचिव साहले चालु आर्थिक वर्षका प्रदेशका योजना कार्यान्वयन गर्न सक्ने/नसक्ने विषयमा नयाँ कार्यालय प्रमुखले जिम्मेवारी सम्हालेपछि फाइल अगाडि बढाइने बताए।

'यस वर्ष पनि बजेट ढिला आउनुमा प्रदेश अर्थ मन्त्रालयले चैत महिनासम्म बजेट लक गरेर राखेको अवस्था थियो। बल्ल काम अगाडि बढेको छ,' उनले भने 'अझै हामीसँग २ महिना समय छ। काम गर्न खोज्नुभयो भने भ्याउन सकिन्छ।'

सचिव साहले यस वर्ष सबै योजना कार्यान्वयन गर्न नसके पनि २० लाख, २५ लाखका योजनामा काम गर्न २०/२५ दिन पर्याप्त हुने बताए।

## आज बुद्ध जयन्ती ..........

भएको मेला समितिले बताए।

विभिन्न ठाउँमा क्लब तथा संघ संस्थाले निःशुल्क खानेपानीको व्यवस्था पनि गरेको छ।

**यस्तो छ किम्बदन्ती**

यो मन्दिरमा बुद्ध जयन्तीकै दिन बली चढाउने चलन नयाँ होइन्। यहाँ १२७ वर्ष अघिदेखि नै बली चढाइँदै आएको स्थानीय जानकारहरु बताउँछन्। यहाँ गरिने हरेक भाकल पूरा हुने विश्वास गरिन्छ। भाकल पूरा भएको भन्दै श्रद्धालुहरु पशुको बली दिएर पूजा गर्छन्।

मन्दिरमा अहिले पाँचौ पुस्ताका पूजारी छन्। यो मन्दिरप्रति श्रद्धालुहरुको विश्वास बढ्दै गएको छ। राजदेवी माताले वैशाख पूर्णिमाका दिन आफ्नो मन्दिरमा बली चढाएमा सबैको फलिफाप हुने भनी सपनामा बताएपछि बली प्रथा शुरु भएको इतिहास सुनाउँछन् यहाँका स्थानीयहरु।

अहिले मन्दिर भएको ठाउँमा १२७ वर्ष अगाडि घनघोर जंगल र चरण क्षेत्र थियो। जंगलभन्दा केही टाढा चौधरी र भट्टहरुको परिवार बसोबास गर्दथे। उनीहरुले त्यो जंगलमा गाईबस्तुहरु चराउन लग्थे।

तर प्रत्येक दिन एक-एक गाई हराउन थालेपछि गाउँलेहरु ठूला धामीको रुपमा रहेका दिलाराम भट्टकहाँ पुगे। 'भट्टले त्यस स्थानमा गई तन्त्रसाधना गरेपछि राति सपनामा देवीले दर्शन दिई वैशाख पूर्णिमाकै दिनमा बली चढाएर भाकल गरी पूजा गर्ने हो भने सबै समस्या टर्ने बताएका थिए। देवीले सपनामा दिएको दर्शन र उनको भनाई अनुसार स्थानीयले बलीप्रथा सुरु गरे।

अहिले राजदेवी मन्दिरमा सिरहासहित नेपालकै अन्य जिल्ला तथा छिमेकी देश भारतबाट समेत बली चढाउन आउनेहरु बढ्दै गएका छन्। दर्शनार्थीहरुले पशु बलीदेखि सुन, चाँदीका धातुसमेत मन्दिरमा चढाउने पूजारी बताउँछन्।


**स्वदेशी वस्तुको प्रयोग गरौं।**

**सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-**

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

**स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ उक्त व्यवस्थाको पालना गरौं र गराऔं!**

**गोलबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, गोलबजार**
मधेश प्रदेश, सिरहा (नेपाल)



लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक


## ट्राफिक प्रहरीले चालकको लाइसेन्स, ब्लूबुक ...............

नियन्त्रणमा लिनु विधिको शासन र नागरिकको स्वतन्त्रताको हकविपरीत हुने अदालतको ठहर छ।

अदालतले सरकारले नै सञ्चालनमा ल्याएको 'नागरिक एप'को प्रसंग उल्लेख गर्दै डिजिटल युगमा भौतिक कागजात नियन्त्रणमा लिनु झनै अनुपयुक्त भएको बताएको छ। नागरिक एपमा लाइसेन्स र ब्लुबुक डिजिटल रूपमा उपलब्ध हुने र ई-चलान मार्फत जरिवाना तिर्न सकिने व्यवस्था भइसकेको अवस्थामा प्रहरीले भौतिक प्रतिलिपि कब्जामा लिएर नागरिकलाई सास्ती दिनु अधिकारको अधिक प्रयोग भएको फैसलामा उल्लेख छ।

प्रहरीले लाइसेन्स नियन्त्रणमा लिने सम्बन्धमा कुनै औपचारिक निर्णय नगरेको तर व्यवहारमा मात्रै लागु गरेको देखिएकाले अदालतले निवेदकको मागबमोजिम 'उत्प्रेषण' (निर्णय बदर गर्ने) आदेश जारी गरिरहनुनपरेको जनाउँदै रिट प्राविधिक रूपमा खारेज गरेको छ।

तर, प्रहरीको स्वेच्छाचारी कार्य रोक्न अनिवार्य देखिएको भन्दै इजलासले भविष्यमा कसैको पनि लाइसेन्स, ब्लुबुक र साँचो नियन्त्रणमा नलिन गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ।




**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।